**नेपाली राजदूतावास**
**साउदी अरेबिया**
**Embassy of Nepal**
**Kingdom of Saudi Arabia**

سفارة نيبال
المملكة العربية السعودية

# <u>प्रेस विज्ञप्ति</u>

संगठित श्रेत्रहरु (अस्पताल, सुपरमार्केट, रेष्टुरेण्ट आदि) मा नेपाल सरकार वैदेशिक रोजगार विभागको स्वीकृति लिएर बाहेक अन्य गैरकानूनी प्रक्रिया अन्तरगत भारतीय विभानस्थलको प्रयोग गरी साउदी अरब लगायत खाडी मुलुकहरुमा घरेलु कामदारको रुपमा आउने नेपाली महिलाहरुको संख्या दिनानुदिन बढ्दै गएको पाइएको छ । यसरी आएका घरेलु कामदारहरु मध्ये साउदी अरबको रियाधमा मात्रै १०,००० (दसहजार) जतिको संख्यामा नेपाली महिलाहरु कार्यरत रहेको अनुमान गरिएको छ । साउदी अरबमा आएपछि ३ महिना देखि ३ बर्षसम्मको अवधि विताएर आफ्नो साहू/साहुनी (कफिल) बाट विभिन्न किसिमका आर्थिक (खाना तथा तलव नदिने), शारिरीक (कुट्ने–पिट्ने यातना दिने), मानसिक (डर, त्रास, धम्की दिई जवरजस्ती धर्म परिवर्तन गराउने) एवं यौन शोषणमा परी कहि कतैबाट सहयोग नपाउने भए पछि आफ्नो ज्यान नै जोखिममा पारी झ्यालबाट हाम्फाली हिडदै, दौडदै वा घाइते अवस्थामा ट्याक्सीमा चढी उद्धारका लागि हरेक दिन २–३ जना नेपाली घरेलु कामदार महिलाहरु यस राजदूतावासको शरणमा आउने गरेका छन् ।

यसरी आएका महिलाहरुलाई आवश्यकता अनुसार औषधि उपचार गराई – "अव उप्रान्त केही खतरा हुदैन, तिमीहरु सुरक्षित छौ , ढुक्क होऔ, अब चाडै आफ्नो घर/देश पुग्नेछौ" – भन्ने खालका शान्त्वना र ढाढसयुक्त व्यवहार देखाई उनीहरुमा आत्माविश्वास जगाए पछि मात्रै उनीहरुको नेपाल फर्किने प्रक्रिया राजदूतावासबाट शुरु गरिन्छ । राजदूतावासका नेपाली पदाधिकारीहरु एवं अन्य स्थानीय कर्मचारीहरुसँगको चिनजान एवं भलाकुसारी पछि मात्र उनीहरु सामान्य अवस्थामा फर्कने गरेका छन् । यसरी दयनीय अवस्था (मानशिक सन्तुलन गुमेका, चोटपटक लागेका एवं बलत्कृत भएका) मा आईपुगेका महिलाहरुलाई तत्काल प्राथमिक उपचार गर्न एवं अत्यावशकीय सेवाहरु प्रदान गर्नका लागि राजदूतावासका प्रशासनिक कर्मचारीहरु अहोरात्र कार्य गर्न बाध्य भएका छन् र उपरोक्त बमोजिमको सेवा प्रदान गर्न हालसम्म पनि यस राजदूतावासमा एक **<u>महिला सेविका</u>**को व्यवस्था गर्न हाम्रो पटक पटक गरिएको अनुरोध प्रति वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड एवं श्रम मन्त्रालयबाट बिल्कुलै सुनुवाई नभईदिएकोमा यो राजदूतावास दु:ख व्यक्त गर्दछ ।

माथि उल्लेख भए अनुसार राजदूतावासको शरणमा आएका नेपाली महिलाहरुलाई राजदूतावासको आश्रय स्थलमा कम्तीमा २ हप्तासम्म तीन छाक खुवाएर राखेपछि मात्रै सामान्य अवस्थामा फर्कन्छन् र घरफिर्ती केन्द्रमा (DEPORTATION CENTRE) पठाउन लायकका हुन्छन् । त्यस पश्चात शरणमा आएका महिलाहरुले आफूसंग बढो मुस्किलले लुकाई ल्याएको आफ्नो तलव रकम हवाई टिकट खरिद गर्नका लागि राजदूतावासमा बुझाएपछि वा साउदी अरबमा रहेका आफन्तहरुले सोका लागि आर्थिक सहयोग उपलब्ध गराए पछि वा राजदूतावासले हवाई टिकट उपलब्ध गराइदिने निश्चित गरिदिए पछि वहिर्गमन भीषा (EXIT VISA) का लागि TRAVEL DOCUMENT को व्यवस्था मिलाई घरफिर्ती केन्द्रमा (DEPORTATION CENTRE) मा पुऱ्याइन्छ । साउदी सरकारको नियमानुसार तीनहप्तासम्म त्यहाँ बसे पछि नेपाल जानका लागि CLEARANCE पाउनेहरुलाई राजदूतावासले हवाई टिकटको व्यवस्था गरी एयरपोर्टसम्म पुऱ्याई विमानमा चढाइ नेपाल पठाइन्छ । विक्षिप्त शारिरीक र मानसिक अवस्था भएकाहरुको हकमा DEPORTATION CENTRE का भिषा जारी गर्ने साउदी अधिकारीहरुलाई राजदूतावासबाट विशेष अनुरोध गरी राजदूतावासको आश्रय स्थलमा नै भिषा जारी गर्ने व्यवस्था मिलाउने गरिएको छ । उनीहरुले DEPORTATION CENTRE मा तीनहप्तासम्म नबसि कनै राजदूतावासबाटै सिधै एयरपोर्ट जान पाउँछन् । तर, EXIT VISA लगाउनका लागि हरेकले FINGER PRINT गर्नका लागि मात्र भएपनि एक चोटी DEPORTATION CENTRE भने पुग्नै पर्ने हुन्छ ।

यसरी उद्धार गरिने नेपाली महिलाहरु मध्ये यस राजदूतावासबाट हरेक हप्ता ५–६ जनालाई नेपाल पठाइने गरिएको छ । यस पटक एयर अरेबियाको उडान नं. *G9 537* बाट शारजहाँ हुँदै मे १७, २०१० सोमवारका दिन दिउसो १२:४५ बजे काठमाण्डौंमा पुग्ने गरी निम्न १६ जना महिलाहरुलाई उद्धार गरी पठाइएको छ । यीनीहरु मध्ये विक्षिप्त शारिरीक तथा मानसिक अवस्थामा रहेका ३ महिलाहरु (१. शान्ति बि.क. २. रुपो राजबंशी ३. रामधना शर्मा) लाई राजदूतावासले हवाई टिकट खर्चको व्यवस्था गरी उद्धार गरीएको व्यहोरा जानकारी गराइन्छ ।

अन्त्यमा, वैदेशिक रोजगारीका लागि विदेश जान चाहने हेरक नेपाली महिलाहरुलाई सरकारले तोकिदिएको मुलुकहरुमा मात्र काम सम्बन्धी सामान्य तालिम प्राप्त गरी सम्बन्धित देशको भाषाको अध्ययन गरी श्रम स्वीकृति लिएर कानूनसम्मत तरिकाले मात्रै वैदेशिक रोजगारीमा जानुपर्छ भन्ने चेतना एवं ज्ञान हामीहरुले दिलाउन नसकेसम्म र विद्यमान गैरकानूनी  तरिकाले नेपाली महिलाहरुको वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई सरकारले नियन्त्रण नगरेसम्म यस्ता दुःखद परिणामहरुको सिलसिला कहिल्यै अन्त्य नहुने यथार्थलाई मनन गरी स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली नागरिकहरु, महिला अधिकार एवं सुरक्षाका लागि नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु एवं

सरकारी तथा गैर सरकारी निकायहरु समक्ष आ–आफ्नो तर्फबाट जिम्मेवारीपूर्ण कार्य गर्न गराउन यो राजदूतावास हार्दिक अपील गर्दछ ।

**उद्धार गरी नेपाल फर्काइएका १६ नेपाली घरेलु महिला कामदारहरुको नामावली :**

| क.सं. | नाम र ठेगाना | साउदी अरब आएको अवधि | राजदूतावासको शरणमा रहेको अवधि | साहूको घरबाट भाग्नुको कारण | फोटो |
|---|---|---|---|---|---|
| १ | अम्बीका अधिकारी<br>धरमपुर ५, झापा | २ बर्ष | १ महिना | तलव नपाएकोले |  |
| २ | सरिता अर्याल<br>मनिग्राम ६, रुपन्देही | २ बर्ष ५ महिना | १ महिना | तलव समयमा नदिने |  |
| ३ | कल्पना भट्टराई<br>बसरी ५, धादिङ्ग | ९ महिना | १ महिना | तलव नपाएकोले |  |
| ४ | बसन्ती राना मगर<br>याङ्गसीला ५, मोरङ्ग | १ बर्ष | २ महिना | काम धेरै भएकोले |  |
| ५ | मीना नाथ योगी<br>गुलरीया ११, बर्दिया | १ बर्ष | ५ महिना | साहूले जबरजस्ती हातपात गर्न खोजेकोले भागेको |  |
| ६ | मीना साम्वाहाम्फे<br>फिदीम ९, पाँचथर | १० महिना | २ महिना | काम धेरै भएकोले |  |
| ७ | टीका कुमारी थापा<br>अमरापुरी ६, नवलपरासी | ८ महिना | १ महिना | साहूले कुटपटि गरेकोले भागेको |  |
| ८ | अम्बीका कुँवर<br>वालिङ्ग ८, स्याङ्गजा | १ बर्ष | १ महिना | तलव नपाएकोले |  |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | पार्वती बुडा<br>मोतिपुर ७, बर्दिया | १ बर्ष | १ महिना | साहूले कुटपिट गरेकोले<br>भागेको |  |
| १० | दीपा सुनार<br>मुनालबस्ती ४,<br>बर्दिया | १५ महिना | २ महिना | तलव नपाएकोले |  |
| ११ | कवीता कुमारी कुँवर<br>मधौलीया ५, रुपन्देही | २० महिना | २ महिना | काम धेरै भएर बिरामी परेकोले भागेको |  |
| १२ | यशोदा देबी बीन<br>सुमनी १,<br>नवलपरासी | ८ महिना | ७ महिना | धेरै काम भएकोले भागेको |  |
| १३ | चन्द्रकला भुजेल<br>सोमवारे १, झापा | १ बर्ष | ७ महिना | दलालको अफिसबाट भागेको |  |
| १४ | शान्ती वि.क.<br>रामनगर १,<br>नवलपरासी | ११ महिना | ३ महिना | मानसिक रोगीको अवस्थामा साउदीले राजदूतावासको गेट अघि छोडी गएको |  |
| ५ | रामधना शर्मा<br>राजगढ ६, झापा | १ बर्ष | ४ महिना | विरामी अवस्थामा राजदूतावासको गेटमा छाडीएकी |  |
| १६ | रुपो राजवंशी<br>सुरुङ्गा ५, झापा | थाहा नभएको | ४ महिना | बिरामी अवस्थामा DEPORTATION CENTRE को गेटमा फालिएकी र राजदूतावासमा ल्याइएकी |  |

**नेपाली राजदूतावास, रियाध**

**मिति : जेठ २, २०६७ (मे १६, २०१०)**